# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं प्रदेश, नेपाल

प. स. ०७८/०७९
च. न. ९९२०

मिति: २०७८।११।०१

**सूचना!** **सूचना!!** **सूचना !!!**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको प सं २०७८।७९ च नं २४० को पत्रानुसार कार्यक्रम कार्यान्वयन गरी संवैधानिक हक अन्तर्गत रोजगारीको हक सुनिश्चत गर्न प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई कार्यक्रम सञ्चालन भई रहेको अवगत नै छ। तसर्थ यस स्थानीय तह अन्तर्गत आ व २०७९/८० का लागि यही फागुन मसान्तमा १८ वर्ष देखि ५९ वर्ष भित्रका सम्पुर्ण बेरोजगार व्यक्तिहरु लाई आफु स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि तपशिल बमोजिमको कागजात सहित वडा कार्यालयबाट प्राप्त बेरोजगार फारम **पूर्ण रुपमा भरी** फारम पेश गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र यसै सूचना साथ संलग्न गरिएको व्योहोरा जानकारीका लागि अनुरोध छ।

**आवश्यक कागजातहरु:**

१. सम्पूर्ण परिवारका सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि ।

२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. अशक्तता भएमा अशक्तताको परिचयपत्रको प्रमाणित प्रतिलिपी।

४. कुनै काम गरेको अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि ।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. पासपोर्ट साइजको फोटो १ प्रति।

७. अन्य जिल्लाबाट जारी गरेको नागरिकता भए बसाईसराईको प्रमाणपत्र ।

७. अन्य जिल्लाबाट जारी गरेको नागरिकता भए (महिलाको हकमा) बिबाह दर्ताको प्रमाणपत्र ।

**बोधार्थ:**

**श्री वडा कार्यालयहरु सबै ।**

सम्पर्क व्यक्ति:
दुर्गेन्द्र कार्की (प्राविधिक सहायक)
भरत चन्द्र तिवारी (रोजगार संयोजक)

फोन नं.: ९८१७९१८२५८/ ९८०३५०१३५८

**नोट: पूर्ण रुपमा नभरिएका फारमहरु स्वतः रद्द हुने व्योहोरा जानकारी गराईन्छ ।**

०७८।११।१

काजिमान राई
प्रमुख प्रशासकीय अधिकृत

भरत चन्द्र तिवारी
रोजगार संयोजक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७८/७९
च.नं./PMEP २४०

मितिः२०७८/१०/२६

श्री रोजगार सेवा केन्द्र, (सबै)

विषयः बेरोजगार व्यक्तिको सूची दर्ता सम्बन्धी सञ्चार एवम् निवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७८/०७९ को कार्ययोजना तय गरेको व्यहोरा विदित्तै छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलव्ध गराउने उद्देश्य बमोजिम तहाँ स्थानीय तहमा "न्यूनतम रोजगार, नागरिकको अधिकार" सम्बन्धी सञ्चार अभियान सञ्चालनका लागि देहायका कार्य गर्न निर्णयानुसार निर्देशन दिइएको छः-

अभियान सञ्चालनका लागि गरिनु पर्ने कार्यहरु

१. सबै वडा कार्यालयमा निवेदन फाराम माघ महिनाको अन्त्य सम्म पुगेको सुनिश्चित गर्ने ।
२. फागुन महिना भरी बेरोजगार व्यक्तिको सूचीमा सहभागी हुन टोल/बस्तीस्तरमा सामुहिक भेला गरी उत्प्रेरणात्मक कार्य गर्ने।
३. आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम् आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलव्ध गराउने । यस कार्यमा आवश्यकता अनुसार जनप्रतिनिधि, नागरिक समाजको सहयोग लिने ।
४. फागुन महिनामा सबै वडा कार्यालयमा पुगेर वडा समितिलाई प्राप्त निवेदनको छानविन तथा सो को प्रक्रियाका सम्बन्धमा अभिमूखिकरण गर्ने ।
५. वडा कार्यालयबाट निवेदन संकलन गरी उक्त निवेदन पुर्ण रहेको सुनिश्चित गर्ने र हाल रोजगारीमा संलग्न भइरहेका बेरोजगार व्यक्तिले प्राप्त गरेको रोजगारी दिन निवेदनमा उल्लेख गराउने या संशोधन गर्ने ।
६. स्थानीय निर्देशक समितिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा वास्तविक बेरोजगार व्यक्तिको छनौट र विपन्न लक्षित पूर्वाधार छनौटको सम्बन्धमा फागुन महिनामा छलफल गर्ने ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७८/७९
च.नं./PMEP

७. फागुन र चैत्र महिनामा स्थानीय योजना कार्यमा प्रक्रियामा विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुऱ्याउने योजना छनौट गरी आयोजना बैङ्कको निर्माण गर्ने सम्बन्धमा अभिमूखिकरण गर्ने र उक्त आयोजनाको छनौटमा आवश्यक सहजिकरण गर्ने ।

८. बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ ले तोके बमोजिमको प्रक्रिया समेत पुरा गरी चैत्र महिना भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गरिसक्ने ।

९. बेरोजगार व्यक्ति तथा प्राथमिकताक्रमको सूची सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रको सूचना पाटीमा सार्वजनिक गर्ने ।

थप जानकारीको लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सम्पर्क राख्न सकिनेछ।

(उषा थपलिया (पाण्डे))
शाखा अधिकृत